बैठक संख्या: १५

मिति: २०७९ फागुन ०४ गते
समय: बिहान ८ बजे

नगर कार्यपालिकाका अध्यक्ष/नगरप्रमुख श्री भुपेन्द्र कुमार लावतीको अध्यक्षता र देहायको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बस्यो ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री भूपेन्द्रकुमार लावती | नगर प्रमुख / अध्यक्ष | |
| २ | श्री कृष्णकुमारी निरौला | उप प्रमुख | |
| ३ | श्री विष्णुकुमार मगर | वडाध्यक्ष वडा नं.१ | |
| ४ | श्री तेजप्रसाद तिम्सिना | वडाध्यक्ष वडा नं.२ | |
| ५ | श्री डम्बर बहादुर राई | वडाध्यक्ष वडा नं.३ | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष वडा नं.४ | |
| ७ | श्री भूमबहादुर सुर्य मगर | वडाध्यक्ष वडा नं.५ | |
| ८ | श्री जंगवीर तामाङ | वडाध्यक्ष वडा नं.६ | |
| ९ | श्री खगेन्द्रबहादुर लिम्बु | वडाध्यक्ष वडा नं.७ | |
| १० | श्री भीमप्रसाद पोखेल | वडाध्यक्ष वडा नं.८ | |
| ११ | श्री नन्दप्रसाद खतिवडा | वडाध्यक्ष वडा नं.९ | |
| १२ | श्री अमिता राई | कार्यपालिका सदस्य | |
| १३ | श्री चम्पा थापा मगर | कार्यपालिका सदस्य | |
| १४ | श्री शोभा बोहरा | कार्यपालिका सदस्य | |
| १५ | श्री पुरणमाया राई | कार्यपालिका सदस्य | |
| १६ | श्री गीता मगर | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १७ | श्री ओमप्रकाश वि.क. | कार्यपालिका सदस्य | |
| १८ | श्री गंगामाया विश्वकर्मा | कार्यपालिका सदस्य | गंगा |
| १९ | श्री माया नेपाली दर्जी | कार्यपालिका सदस्य | माया |
| २० | श्री पुरुषोत्तम घिमिरे | प्रमुख प्रशासकीय अधिकृत | |

अन्य उपस्थित

श्री कृष्ण राज राई शिक्षा उपसचिव

श्री भुपेन्द्र खनाल अधिकृत स्तर सातौं

श्री डिल्लु बहादुर मोडागी लेखा अधिकृत

श्री केशव राज रिजाल जनस्वास्थ्य अधिकृत

श्री भानु भक्त राई इन्जिनियर

श्री हेमचन्द्र निरौला जिन्सी शाखा

श्री रवि सुवेदी सचिवालय

श्री प्रल्हाद खड्का सचिवालय

श्री विकल [illegible] का.स.

छलफलका विषय तथा निर्णय २०७९/११/०४

| सि नं | विषय | निर्णय |
|---|---|---|
| १ | वडा नं ६ को प्रशासनिक भवनका लागी जग्गा प्राप्ति । | लेटाङ नगरपालिका वडा नं ६ को प्रशासनिक भवनका लागी लेटाङ नगरपालिका वडा नं ६ बस्ने खड्गबहादुर विश्वकर्माले निजको नाम दर्ताको साविक जौंते ९ख भइ हाल लेटाङ नगरपालिका वडा नं ६ को कि नं ११ को जग्गा रोपनी १-४-२-० (एक रोपनी चारआना दुइ पैसा)मध्ये दक्षिण तर्फबाट ०-९-२-१ (नौ आना दुइ पैसा एक दाम) ऐ ऐ वस्ने कुमार पिठाकोटे मगरले निजको नाम दर्ताको वडा नं ६ क नं ०८ को जग्गा रोपनी ६-६-१-० मध्ये पूर्वतर्फबाट ०-५-१-१ (पाँच आना एक पैसा एक दाम)ऐ बस्ने सुकमाया मगरले आफ्नो नाम दर्ताको लेटाङ वडा नं ६ को कि नं ९ को जग्गा रोपनी २-५-१-० जग्गामध्ये पश्चिम तर्फबाट ०-७-३-३ (सात आना तीन पैसा तीन दाम) निःशुल्क उपलव्ध गराउन मञ्जुर भै नगरपालिकासंग सम्झौता भएकोछ । उल्लेखित तिनजना जग्गादाताबाट प्राप्त हुने जम्मा १-६-३-१(एकरोपनी छ आना तिन पैसा एकदाम)जग्गा लेटाङ नगरपालिकाको नाममा निःशुल्क रजिष्ट्रेशन पारीत गरिदिन मालपोत कार्यालय बेलबारी र नापी कार्यालय बेलबारीलाइ अनुरोध गर्ने । जग्गा उपलव्ध गराउने जग्गादाताहरुलाइ नगरपालिकाको तर्फबांट धन्यवाद ज्ञापन गर्ने । |
| २ | जग्गाको स्वामित्व खोजी । | साविक लेटाङ गा वि स वडा नं २ङ कित्ता नं ६७७ को ०-२-१७ दुइ कट्ठा सत्रधुर फिल्डबुकमा साझा संस्था लिमिटेडको नाम उल्लेख भएको जग्गाको सम्बन्धमा मालपोत कार्यालय बेलबारी र प्रदेश सहकारी रजिष्ट्रार तथा प्रशिक्षण कार्यालय इनरुवामा पत्राचार गरी स्वामित्व प्राप्त निकायको खोजी गर्दा दुबै निकायमा फेला नपरेको जानकारी प्राप्त भयो । हाल लेटाङ नगरपालिका वडा नं ३ मा पर्ने सो जग्गा सार्वजनिक प्रकृतिको भएकोले सार्वजनिक जग्गाको खोजी संरक्षण तथा उपयोगको दायित्व नगरपालिकाको हुँदा सो जग्गामा कसैको दावी विरोध भए सप्रमाण नगर कार्यपालिकाको कार्यालयमा दावी पेश गर्न ३५ दिनको सार्वजनिक सूचना जारी गर्ने। |
| ३ | सामुदायिक वनका सिफारिस सम्बन्धी कार्य | स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ख. ले सामुदायिक वनले आफ्नो बार्षिक कार्ययोजना नगरपालिकाबाट स्वीकृत गराउनुपर्ने र बार्षिक कारोवार रकमको १० प्रतिशत नगरपालिकालाइ उपलव्ध गराउनुपर्ने व्यवस्था गरेकोछ । यस नगरपालिका क्षेत्रभित्र रहेका सामुदायिक वनहरु हालसम्म नगरपालिकासम्म आइ नपुगेको र ऐनले निर्दिष्ट गरेको दायित्वभित्र प्रवेश नगरेको हुँदा सामुदायिक वनसंग सम्बन्धित सबै किसिमका सिफारिसहरु वडा समितिको कार्यालयबाट नभइ नगर कार्यपालिकाको कार्यालयबाट मात्र गर्ने । |

| | | |
|---|---|---|
| ४ | खोला ठेक्काको सम्पूर्ण रकम बुझाए नगद छुट दिने । | लेटाङ नगरपालिकाको सार्वजनिक खरीद नियमावली २०७६ को नियम १४१ को उपनियम २मा खोला ठेक्काको ठेकेदारले सम्झौताको समयमा ठेक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशतसम्म छुट दिनसकिने व्यवस्था उल्लेख भएकोले सम्पूर्ण रकम एकमुष्ट बुझाएमा १० प्रतिशत छुट दिने । |
| ५ | नियमावली स्वीकृत । | देहाय बमोजिमका कार्यविधिहरु स्वीकृत गरियो ।<br>क. बाह्रौं नगरसभाबाट संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत भै सकेको हुँदा नगरपालिकाको संगठनात्मक स्वरुप अनुसार कार्यविभाजन गरी तयार गरिएको लेटाङ नगर नगरपालिकाको कार्यविभाजन नियमावली २०७९ ।<br>ख. नमूना विद्यालय विकास तथा सञ्चालन कार्यविधि २०७९ ।<br>ग. बालअधिकार संरक्षण सम्बन्धी कार्यविधि २०७९ ।<br>घ. लेटाङ नगरपालिकाको अनुगमन तथा सुपरीवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०७९ । |
| ६ | प्रधानमन्त्री रोजगार कार्यक्रमबाट साझेदारी | वडा नं ४ को सुंगुर पाटा विक्रिस्थलमा शौचालय निर्माणका लागी वडा समितिबाट रु ३ लाख पचास हजार विनियोजन भएको र नपुग ज्याला वापतको रकम प्रधानमन्त्री रोजगार कार्यक्रमबाट साझेदारी गर्ने । |
| ७ | बेरुजु प्रतिवेदन उपर छलफल । | आ व २०७८/७९ को लेखा सम्बन्धमा महालेखा परीक्षकको कार्यालयबाट भएको लेखापरीक्षण को अन्तरिम प्रतिवेदन माथि छलफल गरियो । प्रतिवेदनमा उल्लेखित बेरुजुलाइ लेखा समितिमा छलफल गरी नियमित तथा फछ्र्यौट गर्ने कार्यलाइ अघि बढाउने। |
| ८ | निर्माण कार्य शुरु नभएका ठेक्का सम्बन्धमा | नगर कार्यपालिकाको कार्यालयसंग सम्झौता भइ कार्यान्वयनमा जान नसकेका र ठेकेदार कम्पनीले लापरवाही गरेका कारण निर्माण कार्य शुरु नै हुन नसकेका स्वर्गद्वारी र डाँडागाउँ सडकको ठेकेदार बारजी कन्स्ट्रक्सनलाइ ७ दिनको समय दिइ काम शुरु गर्न पत्राचार गर्ने । काम शुरुभै निरन्तरता नदिए ठेक्का प्रक्रिया भंग गर्ने तर्फ कारवाही अगाडि बढाउने । |
| ९ | सशर्त तर्फको रकम बाँडफाँड । | शिक्षा तर्फ सशर्त अनुदानमा आएको रकमबाट श्री बालविकास आधारभुत विद्यालय लेटाङ १ मा पुस्तकालय व्यवस्थापन कार्यक्रमका लागी रु ६ लाख ५० हजार र जँति मा वि लेटाङ ८ मा विज्ञान प्रयोगशाला व्यवस्थापन कार्यक्रमका लागी रु ६ लाख ५० हजार विनियोजन गर्ने । |